सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।
**सार्वजनिक निकायले:**
- अनिवार्यरूपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहजरूपमा समयमै उपलब्ध गराऔं,
**सूचना मागकर्ताले:**
- सूचना चाहेको निकायबाट सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ २१ गते सोमवार // मूत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2025 February 03 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५७

## बगरमा भेटिएको शिशुलाई दम्पतीले संरक्षणमा लियो

प्रस, वीरगंज, २० माघ/

पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुर खोलाबगरमा गत पुस २६ गते भेटिएको



शिशुलाई एक दम्पतीले संरक्षणमा लिएको छ ।

त्यस दम्पतीले कानुनी प्रक्रिया पूरा गरी बेवारिसे शिशुलाई आधिकारिकरूपमा जिम्मा लगाइएको गापा उपाध्यक्ष ममता महतोले जानकारी गराइन् ।

विगत एक महीनादेखि नवजात शिशुको उपचार तथा हेरचाह नारायणी अस्पतालको ओसिएमसी वार्डमा भइरहेको थियो ।

पालिका अन्तर्गत रहेको महिला तथा बालबालिका विकास शाखाको निर्णय अनुसार बेवारिसे शिशुलाई जिम्मा लगाउन पालिकास्तरबाट निर्णय भएको र सोही अनुसार हकदावी गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको र कसैले हकदावी नगरेपछि संरक्षणमा लिन चाहने दम्पतीका लागि पनि दोस्रोपटक सूचना प्रकाशित गरिएको उपाध्यक्ष महतोले बताइन् ।

पहिलोपटक हकदाबीको लागि सूचना निकाल्दा कोही नआएपछि संरक्षण लिनको लागि पुनः सूचना निकाल्दा रौतहटको एक दम्पतीलाई सबै प्रक्रिया पूरा गरी जिम्मा लगाइएको उपाध्यक्ष महतोले बताइन् । त्यस दम्पतीले बच्चा नभएको कारण खुलाएको, चिकित्सकको सिफारिश, सम्पत्तिको विवरण, वडाको सिफारिश लिएर पटेर्वासुगौली गापाको कार्यालयमा पुगेको थियो ।

त्यस दम्पतीको आर्थिक–सामाजिक अवस्था, घरपरिवारमा सम्पत्तिको बाँडफाँडबारे तथ्यगत प्रमाण जुटाइ मात्र शिशु बालिकालाई जिम्मा लगाइएको गापा कार्यालयले जनाएको छ । शुक्रवार त्यस दम्पतीले नारायणी अस्पतालबाट बच्चा बुझेको र सोमवार न्वारन गरी कानुनीको प्रक्रिया पूरा गरेपछि बच्चाको जन्मदर्तासहित सम्पत्तिमा हकदावी पाउने गरी जिम्मा लगाइएको उपाध्यक्ष महतोको भनाइ छ ।

बङ्कुल खोलाको बगरमा बालिका भेटिएको थियो । प्रहरी चौकी रङ्गपुरको टोलीले बच्चालाई आफ्नो जिम्मा लिई उपचारको लागि नारायणी अस्पतालमा पुऱ्याएको थियो ।

यता प्रहरीले बच्चा कसको हो भन्ने विषयमा अनुसन्धान गरिरहेको छ । पहिचान खुलेमा कानून अनुसार कारबाई हुने पटेर्वासुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी गराए ।

## खानेपानी नागरिकको मौलिक हक -मन्त्री यादव

प्रस, निजगढ, २० माघ/रासस

सङ्घीय खानेपानीमन्त्री प्रदीप



यादवले खानेपानी नागरिकको मौलिक हक भएकोले यसलाई सुनिश्चित गर्नुपर्ने बताउँदै यस विषयमा राजनीति गर्नु ठूलो अपराध र पाप हुने टिप्पणी गरेका छन् । आइतवार निजगढमा आयोजित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको नवौं साधारणसभामा मन्त्री यादवले जनताको सेवा गर्नु नै राजनीति गर्नु हो जिकिर गरे ।

मन्त्री यादवका अनुसार निजगढ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको ५९ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मन्त्रालयमा थन्किएको भएपनि उनको पहलमा ३० करोड रुपैयाँ बजेट विनियोजन भई टेन्डर आह्वानको तयारी भइरहेको छ । उनले हिमाल, पहाड र तराईका नागरिकसम्म स्वच्छ खानेपानी पुऱ्याउन ३० अर्बभन्दा बढी रकम आवश्यक रहेको भन्दै अर्थमन्त्रीसँग यसबारेमा छलफल भएपछि हाल ११ अर्ब रुपैयाँको सिलिङमा रहेर बहुवर्षीय आयोजनाका लागि कार्य अघि बढेको जानकारी दिए ।

मन्त्री यादवले तराईका धेरै जिल्लामा खानेपानी योजनाका लागि बजेट विनियोजन भएपनि आफ्नो निर्वाचन क्षेत्र पर्सामा बजेट विनियोजन नगरेको बताए । उनले प्रायः मन्त्रीहरूले आआफ्नो निर्वाचन क्षेत्रलाई प्राथमिकता दिई अन्य जिल्लालाई ओझेलमा पार्ने गरेको आरोप लगाउँदै आफूले पारदर्शिता अपनाएको स्पष्ट पारे ।

उनले निजगढ नगरपालिकाका सिगौंल र रतनपुर क्षेत्रमा खानेपानी बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए ।

उनका अनुसार सुनकोशी डाइभर्सन परियोजना अन्तर्गत पर्सा जिल्लासम्म स्वच्छ खानेपानी ल्याउन ४६ अर्बको बजेट प्रस्ताव गरिएको छ । बारा, पर्सा, रौतहटका विभिन्न योजनाहरूलाई समेटेर १५ दिनभित्र डिजाइन टेन्डर आह्वान गरिने जानकारी उनले दिए ।

मन्त्री यादवले जलवायु परिवर्तन र २०७२ को भूकम्पका कारण धेरै पानीका मुहान सुक्दै गएको बताउँदै भूगर्भीय पानीको सतह घट्दै गएकाले खानेपानी समस्या भयावह हुन सक्ने चेतावनी दिए ।

कार्यक्रममा बारा क्षेत्र नं १ का सङ्घीय सांसद अच्युत मैनालीले निजगढमा खानेपानी अभावको विषय स्मरण गर्दै सङ्घीय सरकारले समस्या समाधानमा ध्यान दिएको बताए । पूर्वखेलकुदमन्त्री पुरुषोत्तम पौडेलले निजगढको समग्र विकासका लागि राष्ट्रिय गौरवको आयोजनासँग जोडेर राज्यले ध्यान दिइरहेको बताए ।

कार्यक्रममा मधेस प्रदेश सांसद त्रिलोकी चौधरी, मीना लामा, निजगढ नपाका प्रमुख सुरथ पुरी, पूर्वप्रमुख सुरेश खनालगायत स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूले पनि मन्तव्य राखेका थिए ।

संस्थाको वार्षिक प्रगति विवरण संस्थाका अध्यक्ष सुदर्शन कोइराला र आर्थिक प्रतिवेदन कोषाध्यक्ष गीता भट्टराईले प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव यतिराज सापकोटाले गरेका थिए ।

## जफत गरिएका अवैध ढुङ्गाको ठेक्का लागेन

प्रस, निजगढ, २० माघ/

बकैया खोलाबाट अवैधरूपमा निकालिएको र निजगढ नगरपालिका वडा नं ४ कछडिया बस्ती आसपासमा थुपारिएको अवस्थामा जफत गरिएको ढुङ्गाको ठेक्का अहिलेसम्म लागेको छैन ।

निजगढ नगरपालिकाले ठेक्का







लगाउन विद्युतीय बोलपत्रमार्फत ३० दिने सूचना जारी गरे पनि आइतवार टेन्डर खोल्दा कुनै पनि इच्छुक कम्पनीले ढुङ्गा निकासीका लागि आवेदन नदिएको नगरपालिकाको राजस्व शाखाले जानकारी दिएको छ ।

नगरपालिकाले जफत गरेको ६७,७३२.८९ घनमिटर (२३,८९,६१६.७० क्यूफिट) ढुङ्गाको लागि मूल्य अभिवृद्धि करसहित दुई करोड १६ लाख दुई हजार १३६ रुपैयाँको टेन्डर आह्वान गरेको थियो ।

तर कुनै पनि ठेकेदार वा कम्पनीले टेन्डर भरेनन्, जसका कारण अब जफत गरिएको ढुङ्गाको व्यवस्थापन अन्योलमा परेको छ ।

स्थानीय स्रोतका अनुसार अवैधरूपमा उत्खनन गरिएका यी ढुङ्गालाई कानुनी प्रक्रियाविनै वैध बनाउँदै ठेकेदारमार्फत निकासी गर्ने प्रयास भइरहेको थियो । यसबारे विवाद उत्पन्न भएपछि नगरपालिकाले ढुङ्गा जफत गरी टेन्डर आह्वान गर्न बाध्य भएको हो ।

नगरप्रमुख सुरथ पुरी र प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलामाथि ठेकेदार कम्पनी जय गणेश सप्लायर्ससँग मिलेमतो गरी अवैध निकासीको प्रयास गरेको आरोप लागेको छ ।

सूत्रका अनुसार जफत गरिएका ढुङ्गामध्ये एक हजारभन्दा बढी टिपर (१२ हजार घनमिटर) ढुङ्गा निजगढ नगरपालिका र स्थानीय प्रहरी प्रशासनको संरक्षणमा घाटगड्डी हुँदै अवैधरूपमा निकासी गरिएको छ ।

नगरपालिकाको ठेक्का प्रक्रियामा कसैले रुचि नदेखाउनुको कारण पहिले नै ठूलो परिमाणमा ढुङ्गा तस्करी भइसकेको हुन सक्ने आशङ्का गरिएको छ ।

## वसन्त पञ्चमीको तयारीमा विद्यार्थी व्यस्त





प्रस, वीरगंज, २० माघ/

सोमवार वसन्त पञ्चमी मनाउन विद्यार्थीहरू व्यस्त देखिएका छन् ।

विद्यालय, कलेज, शैक्षिक संस्थानहरूमा सरस्वतीपूजाको तयारीलाई लिएर चहलपहल बढेको छ । आज विद्यार्थीहरूले मूर्ति खरीद गरी विद्यालय, कलेजतर्फ लगे भने बजारमा पूजा सामग्रीलगायत भोजका लागि किराना सामान खरिद गर्न व्यस्त देखिन्थे ।

विद्यालय, कलेजसँगै गाउँघरमा युवाहरूको समूहले टेन्ट गाडेर सरस्वतीपूजा गर्न मूर्ति राखेर सजाउने, पूजापाठ गर्ने र डिजे साउन्डको जोहो गर्न जुटेका छन् । यसैगरी, सरस्वतीपूजाका लागि ग्रामीण भेगका बालबालिकाहरू सडकमा डोरी तानेर चन्दा उठाउन समूह बनाएर अधिकांश सडकमा व्यस्त देखिन्थे ।

यस्तै, विभिन्न सडकखण्डमा विद्यार्थीहरूको नाममा बालबालिकाहरूले सडकमा डोरी तेर्साएर सवारीसाधनसँग चन्दा असुलिरहेका छन् । जनता सडक, हुलाकी, थरुहटलगायत ग्रामीण क्षेत्रका सडकहरूमा बालबालिकाले चन्दा असुली गरिरहेका छन् ।

## जनमतको १३औं आँखा शिविर

प्रस, वीरगंज, २० माघ/

जनमत पार्टी पर्साले आइवार छिपहरमाई गाउँपालिका–५ भिस्वामा



तस्वीरः सौजन्य

१३औं आँखा चेकजाँच शिविर सम्पन्न गरेको छ । शिविरमा १८० जनाको आँखा चेकजाँच गर्दा ११० जनामा मोतीबिन्दु फेला परेको जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले जानकारी गराए ।

मोतीबिन्दु फेला परेकाहरूको वीरगंज सामुदायिक आँखा केन्द्रमा निशुल्क शल्यक्रिया हुने उनले बताए ।

जनमतको लोककल्याणकारी अभियान अन्तर्गत निशुल्क आँखा शिविरमा हालसम्म एक हजार ५४० भन्दा बढी मानिस लाभान्वित भएकामा त्यसमध्ये ३७० जनाको मोतीबिन्दुको शल्यक्रिया गरिएको अध्यक्ष सर्राफले बताए ।

जनमत पार्टी छिपहरमाई कमिटीका अध्यक्ष कृष्ण कुशवाहाको अध्यक्षतामा भएको शिविरमा सुकेन साह कानु, रुक्साना खातुनलगायतको सहभागिता थियो ।

## अध्यक्ष साहसहित दुईजनाविरुद्ध कारण देखाऊ आदेश

प्रस, रौतहट, २० माघ/

अदालतको अवहेलना मुद्दामा आमजनता पार्टीका अध्यक्ष प्रभु साहसहित दुईजनाविरुद्ध रौतहट जिल्ला अदालतले कारण देखाऊ आदेश जारी गरेको छ ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका साहले सामाजिक सञ्जालमा 'रौतहट जिल्ला अदालतका न्यायाधीशहरू नेताका झोले' भन्ने अभिव्यक्ति दिएका थिए । त्यसपछि बौधीमाई नगरपालिकाका प्रमुख प्रदीपकुमार यादवले जिल्ला अदालत रौतहटमा अदालतको अवहेलना मुद्दा दायर गरेका थिए ।

आज आइतवार भएको सुनवाइपछि जिल्ला अदालतले साहसहित आमजनता पार्टीका महासचिव त्रिभुवन साहविरुद्ध कारण देखाऊ आदेश जारी गरेको छ ।

जिल्ला अदालत रौतहटका श्रेस्तेदार उद्धव ढोडारीका अनुसार वादी पक्षका अधिवक्ता राजाराम रायको बहसपछि अदालतले विपक्षीहरूलाई सात दिनभित्र जवाफ पेश गर्न आदेश दिएको छ । अदालतले उनीहरूलाई 'किन कारबाही

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**कानून मृत्युजस्तै हुनुपर्छ, जसले कसैलाई छाड्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# नदीजन्य पदार्थको अवैध उत्खनन

**पर्सा र बाराका खोलाहरूबाट नदीजन्य पदार्थको उत्खननमा समस्या देखिँदै आएको छ। स्थानीय पालिकाहरूले आआफ्नो क्षेत्रमा पर्ने खोलाहरूको वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेर सो अनुसार नदीजन्य पदार्थको उत्खननका लागि ठेक्का लगाउनुपर्ने हुन्छ । यो पालिकाको आन्तरिक आम्दानीको स्रोत पनि हो । यसबाट केही अंश प्रदेश सरकारमा जान्छ । पर्सा र बारा जिल्लामा रहेका खोलाहरूको समयमा ठेक्का नलाग्दा नदीखोलाको उत्खनन अवैधरूपमा गरिने तथा ठेक्का लागेका केही खोलाहरूबाट मापदण्ड तोकिएभन्दा बढी नदीजन्य पदार्थ उत्खनन हुने गरेको पाइएको छ। एकपटक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेका पालिकाहरूले दुई वर्षसम्म ठेक्का लगाउन पाउँछन् । प्रत्येक वर्ष नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीमा ढिला हुँदा अवैध उत्खनन हुने गरेको पाइएको छ । पर्सा जिल्लामा पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुर, छिपहरमाई, पर्सागढी र वीरगंज महानगरपालिका अन्तर्गतका विभिन्न खोलाहरूमा नदीजन्य पदार्थको उत्खननको विषयलाई लिएर विभिन्न समस्याहरू आउने गरेका छन् ।**

**महानगर र पर्सागढी नपामा भेडाहा खोला, जीराभवानी र पटेर्वासुगौली गापामा भुलवाही खोला, पटेर्वासुगौली र सखुवाप्रसौनी गापामा जमुनिया खोला, जगरनाथपुर र जीराभवानी गापामा ओरिया खोला र पर्सा राष्ट्रिय निकुञ्जमा महादेव खोला पर्छन् । यी खोलाहरूमध्ये चालू आवमा भेडाहा र भलुवाही खोलाको मात्र ठेक्का लाग्न सकेको छ । ठेक्का लाग्न नसकेका खोलाहरूमा ढुङ्गा, गिट्टी र बालुवाको अवैध उत्खनन कार्य भने रोकिएका छैनन् । वन, सुरक्षाकर्मी र स्वयम् पालिकाका केही व्यक्तिहरूको मिलेमतोमा खोलाहरूको अवैध दोहन जारी छ । स्थानीय तवरमा विरोधका स्वरहरू गुन्जायमान हुँदा देखावटीका लागि टयाक्टर, टिपर नियन्त्रणमा लिने र सामान्य जरिवाना गरेर छाडिनेबाहेक प्रभावकारी कदम नचाल्दा जरिवाना तिरेर फेरि सोही कार्यमा संलग्न हुने गरेको पाइएको छ । एउटा खोला करोडौं मूल्यमा ठेक्का लाग्ने गरेको छ । यो पालिकाको आन्तरिक आम्दानीको विशुद्ध स्रोत हो । करोडौं रकमबाट पालिकाले विकास निर्माणलगायत अन्य कार्य गर्न सक्छ । अहिले सङ्घ र प्रदेश सरकारबाट आउने अनुदान सहयोगको भरमा विकास निर्माणलगायतका कार्यहरू भइरहेका छन् । खोला साझा छ भने पालिकाहरूले आम्दानी समानरूपमा बाँडफाँड गरेर खोलाहरू ठेक्कामा लगाउँन सक्छन् । तर यस्तो प्रयास हुन सकेको छैन ।**

**अदालत पुगेर खोलाको ठेक्का प्रभावित पार्ने काममा अग्रसर पालिकाहरू आपसमा रकम बाँडफाँड गर्ने कुरामा सहमत हुन नसक्नु बुझिनसक्नु भएको छ । पालिकाहरूको यो झगडाका कारण खोलाको ठेक्का प्रभावित छ भने निकुञ्जभित्रको खोलाको पनि ठेक्का लाग्न सकेको छैन । निकुञ्जले ठेक्का बन्दोबस्त मिलाउन नसक्नुको कारण पनि बुझिनसक्नु भएको छ । निकुञ्जको सुरक्षा नेपाली सेनाले गर्छ । सेनाले सुरक्षा दिइरहेको स्थानमा रहेका खोलाहरूबाट पनि तस्करहरूले नदीजन्य पदार्थको अवैध उत्खनन गर्दै आएका छन् । यसमा सेनाको मिलेमतो भन्ने कि लापरवाही ? पर्सामा ठेक्का नलागेर खोलामा अवैध उत्खनन भइरहेको छ भने बारामा ठेक्का लागेका खोलाहरूबाट ठेकेदारले मापदण्डमा तोकिएभन्दा बढी उत्खनन गरेर समस्या निम्त्याएका छन् ।**

# एसइई परीक्षापूर्वको तयारी

**शिक्षा नेपाल**




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**सफलता हासिल गर्न सबैभन्दा पहिलो काम स्वयंलाई अनुशासित गर्नु हो; किनभने ब्रह्माण्डले पनि अनुशासनको पालना गर्दछ । एउटा निश्चित तिथिमा मौसम परिवर्तन हुन्छ । समयानुसार पशुपन्छी र रूख-बिरुवा पनि अनुशासनमा बस्दैनन् भने तिनको राम्रो विकास हुँदैन ।**

उड्नुपूर्व निहुरिने बेला ज्ञान हाम्रो बढी नजीक हुन्छ भन्ने विलियम वर्ड्सवर्थको भनाइ यतिखेर एसइईका तयारीमा जुटेका विद्यार्थीहरूमाथि लागू हुन्छ। विद्यार्थीहरूका लागि परीक्षा कोठा एउटा रणभूमिजस्तै हुन्छ जहाँ विद्यार्थीहरू आफ्नो पूर्ण तयारीका साथ ओर्लन्छन्। परीक्षा कोठामा प्रवेश गर्नुपूर्व विद्यार्थीहरू आआफ्नो हतियार अर्थात् विषयगत पाठ्यक्रमको पूर्ण तयारी क्षमता र समयानुसार गर्दै मानसिक दृढतामा ध्यान दिन्छन्। विद्यार्थीहरूले जस्तोसुकै परीक्षाका लागि आफूलाई तयार गर्नुपर्ने हुन्छ। सबैखाले परीक्षाको लागि बौद्धिक कौशल र सफल रणनीति आवश्यक पर्छ।

धेरैपटक प्रश्नहरू सजिलै हुन्छन् । विद्यार्थीहरूले सबै प्रश्नको जवाफ लेखेका हुन्छन् तर राम्रो अङ्क प्राप्त हुँदैन। यसको एकमात्र कारण नराम्रो लेखाइ नै हो । धेरै विद्यार्थीहरूको के धारणा हुन्छ भने परीक्षापूर्व लेखाइमा सुधार सम्भव हुँदैन। यस कारण उनीहरू यसमाथि ध्यान दिंदैनन्। तर यो त्यति ठूलो लक्ष्य होइन कि प्राप्त गर्न नसकियोस्। यसको लागि मात्र नियमित अभ्यासको आवश्यकता पर्छ । विद्यार्थीहरूले आफ्नो दैनिक कार्यतालिकामा प्रत्येक दिन एक वा दुई पृष्ठ सुलेख लेख्ने निर्धारित गरेर लेखाइमा सुधार ल्याउन सक्छन्। परीक्षा कोठामा हुँदा विद्यार्थीहरूले के ध्यान दिनुपर्छ भने उनीहरूले जे कुरो पनि लेखेका छन् त्यो कापी जाँच गर्नेले पढ्न सकोस् वा लेखेको कुरा बुझ्न सकोस्; किनभने विद्यार्थीले मात्र बुझेर पुग्दैन। प्रश्नको जवाफ लेख्दा दिमाग शान्त राखेर लेख्नुपर्छ किनभने हडबडीमा लेखाइ प्रभावित हुने डर रहन्छ।

लेखाइमा सुधार ल्याउने सबैभन्दा महत्त्वपूर्ण साधन हो साथी, शुभचिन्तक वा परिजनलाई पत्र लेख्नु । पत्र लेख्दा एकातिर जहाँ विद्यार्थीहरूको लेखाइमा सुधार हुन्छ, त्यहीं अर्कोतर्फ उनीहरूमा कल्पनाशक्ति अर्थात् सोच्ने शक्तिको पनि विकास हुन्छ। प्रायः एसइईका परीक्षामा यस्ता धेरै प्रश्नहरू सोधिन्छन् जसको जवाफ विद्यार्थीहरूले आफ्नो कल्पना शक्तिको आधारमा दिनुपर्ने हुन्छ । लेखाइमा सुधार ल्याउने अर्को तरीका प्रत्येक राति सुत्नु अघि डायरी लेख्ने बसाल्नु हो। सुन्दर लेखाइ सँगसँगै लेख्ने शैलीको ज्ञान हुनु पनि आवश्यक हुन्छ। कुनै पनि प्रश्नको जवाफ लामो अनुच्छेद वा लामो वाक्यमा नदिई ससाना वाक्यमा दिने कोशिश गर्नुपर्छ।

विद्यार्थीहरूले परीक्षा दिंदा ध्यान दिनुपर्ने अर्को कुरो के हो भने तपाईंको लेखाइ राम्रो छ तर त्यसमा व्याकरणसम्बन्धी अशुद्धिहरू छन् भने राम्रो अङ्क हासिल हुन सक्दैन । कुन शब्दको अर्थ के हुन्छ र त्यसलाई कहाँ कसरी प्रयोग गर्ने ज्ञान हुनु अति आवश्यक छ । यस्ता धेरै गल्तीहरू विद्यार्थीहरूले परीक्षा दिंदा गर्ने गर्छन् । जस्तै विद्यार्थीहरूले प्रायः क्यारियर (Career) र कैरियर (Carrier) शब्दको प्रयोग गर्दै लेख्छन् अमुक मानिसको कैरियर धेरै राम्रो छ तर यहाँ 'कैरियर'को साटो 'क्यारियर' शब्दको प्रयोग हुनुपर्ने हो । यस कारण प्रवेशिकाको तयारी गरिरहेका विद्यार्थीहरूको लागि कुन शब्दको प्रयोग कहाँ र कसरी गर्नुपर्छ भन्ने कुरा थाहा हुनुपर्छ । यसका लागि विद्यार्थीहरूले व्याकरणमा पनि केही समय ध्यान दिनुपर्ने हुन्छ र यो नियमित अभ्यास र लेखाइले मात्र सुधार गर्न सकिन्छ।

परीक्षामा सोधिएका प्रश्नहरू नबुझी जवाफ लेख्नु भनेको नदीको गहिराइ थाहा नभई त्यसमा ओर्लिनुजस्तै हो । यसरी गर्दा दुवै ठाउँमा धोखा हुन्छ । प्रायः विद्यार्थीहरू परीक्षामा प्रश्न पाउना साथ लेख्न शुरू गर्छन्। यस्ता विद्यार्थीहरूलाई मेरो के सल्लाह छ भने पहिले प्रत्येक प्रश्नलाई ध्यान दिएर पढौं, त्यसलाई राम्ररी बुझौं अनिमात्र लेख्न शुरू गरौं। जस्तै कुनै प्रश्नले यदि कुनै समस्या समाधानको कुनै नयाँ र मौलिक उपाय लेख्न भनेको छ भने आफ्नो तार्किक क्षमताको प्रयोग गर्दै जवाफ दिंदा बढी अङ्क हासिल गर्न सकिन्छ। पुरानै उपाय लेख्दा थोरै अङ्क प्राप्त हुन्छ। यस कारण प्रश्नको प्रकृति अनुरूप विद्यार्थीहरूले जवाफ लेख्दा राम्रो अङ्क हासिल हुन्छ। जुनसुकै प्रश्नको जवाफ लेख्दा विद्यार्थीहरूले ध्यान दिनुपर्ने कुरा के हो भने जवाफ कापी भर्नका लागि मात्र नभई तथ्यपूर्ण होस् । प्रश्नले खोजेको तथ्य तपाईंको जवाफमा हुनुपर्छ। यसका लागि शिक्षकले पढाउँदा तपाईंले तयार गरेको नोट्स र पाठमा भएका कुराहरूलाई एकपटक ध्यान दिएर अवश्य पढ्नुपर्छ । नोट्समा रहेको महत्त्वपूर्ण शब्दहरूलाई कापीमा भएको मार्जिनमा नोट गर्नुपर्छ वा हाइलाइटरले निशान लगाउनुपर्छ । यसरी गरेपछि प्रश्नको जवाफ सजिलै लेख्न सकिन्छ।

कुनै पनि प्रश्नको जवाफ लेख्दा विद्यार्थीहरूले पूर्ण विश्वासका साथ जवाफ लेख्नुपर्छ। प्रश्नको जवाफ लेख्दा समय र शब्द सीमाको पनि ख्याल राख्नुपर्छ अन्यथा समय खेर जाने सम्भावना बढी हुन्छ र अङ्क पनि राम्रो प्राप्त हुँदैन। यस कारण विद्यार्थीहरूले बीचबीचमा घडी पनि हेर्दै रहनुपर्छ। यसो गर्दा कुनै पनि प्रश्न छुट्ने सम्भावना न्यून हुन्छ। हरेक प्रश्नको जवाफ समयको हिसाबले दिनु नै राम्रो विद्यार्थीको पहिचान हो। एसइईमा एउटा समूहको जवाफ एउटै ठाउँमा लेख्नुपर्छ र प्रत्येक प्रश्नको जवाफ लेखेपछि एक लाइन छोडेर पेंसिलले धर्को तान्नुपर्छ । यसो गर्दा कापी जाँच्ने परीक्षकलाई सजिलो हुन्छ र परीक्षक प्रभावित हुँदा राम्रो अङ्क हासिल हुने सम्भावना बढ्छ।

प्रायः प्रवेशिकाको तयारी गरिरहेका विद्यार्थीहरूलाई के महसूस हुन्छ भने उनीहरूले जति पढे ती सबै उनीहरूलाई याद भयो, अब नयाँ पाठ याद गर्नुपर्छ। विद्यार्थीहरूका लागि थोरै अवधिमा आफूले पढेका कुराहरूको मूल्याङ्कन गर्नु त्यति सजिलो हुँदैन तर विद्यार्थीहरूले यी कुराहरूको पनि ध्यान राख्नुपर्छ। यस कारण विद्यार्थीहरूले कुनै पनि पाठलाई याद गरेपछि एक छिनका लागि किताब छेउमा राखेर आँखा चिम्लेर हालसम्म के-के पढिसकें र के-के पढ्न बाँकी छ भन्ने कुराको चिन्तन गर्नुपर्छ। यस बेला पढेका कुराहरू कतिसम्म याद छ भन्ने कुरा पनि सोच्नुपर्छ।

विद्यार्थीहरूले विगत तीन वर्षको प्रश्नपत्रहरू सरसर्ती पढ्नुपर्छ र कुन प्रकृतिको प्रश्नहरू प्रवेशिकामा सोधिन्छ र तीमध्ये केही प्रमुख प्रश्नहरूको बैङ्क बनाएर अभ्यास गर्नुपर्छ । यसका साथै आउने प्रवेशिका परीक्षाका लागि तोकिएको पाठ्यक्रमको आधारमा आफैं प्रश्नपत्र निर्माण गरेर सोको जवाफ लेखेर आफैं परीक्षक बनी जाँच गर्नुपर्छ। परीक्षा कोठामा जवाफ थाहा भए तापनि समयाभावका कारण लेख्न छुट्न सक्छ। यस कारण विद्यार्थीहरूले कुनै एउटा प्रश्नपत्रका लागि तोकिएको समयभित्र जवाफ लेख्ने अभ्यास गर्नुपर्छ । यसरी तीन घण्टा बसेर प्रश्नपत्र हल गर्ने अभ्यासबाट विद्यार्थीहरूले गरेको तयारी सही दिशामा गइरहेको छ वा छैन भन्नेबारे थाहा हुन्छ।

यदि विद्यार्थीहरूले एसइईपूर्वको परीक्षामा कुनै प्रकारको परेशानीको सामना गर्नुपरेको थियो, जस्तै-याद भएको जवाफ लेख्न नसक्ने वा हडबडीमा प्रश्नको जवाफ लेख्न छुट्नेजस्ता समस्याको सामना गर्नुपरेको थियो भने यस्ता कुराहरूमा यस अवधिमा सुधार ल्याउने कोशिश गर्नुपर्छ । विद्यार्थीहरूले एसइई पूर्वको यस अवधिमा परीक्षामा कुन ठाउँमा कस्तो गल्ती गर्छन् भन्ने कुरा ठम्याएर सुधार गर्नुपर्छ । यसका लागि विद्यार्थीहरूले आफ्नो कुनै साथी वा शिक्षकको सहायता लिन सक्छन् ।

यदि विद्यार्थीहरूलाई परीक्षा नजीक आइसकेको र उनीहरूले अहिलेसम्म पाठको पुनरावृत्ति गरेका छैनन् भन्ने महसूस भइरहेको छ भने डराउनुपर्ने कुनै कुरा छैन। यस परिस्थितिमा शान्त भई जुन कुरा महत्त्वपूर्ण छ त्यसलाई मात्र पढे पुग्छ। पुरानो प्रश्नपत्र लिएर केही सम्भावित प्रश्नहरूमा चिह्न लागाएर तयारी प्रारम्भ गर्नु नै बुद्धिमानी हुन्छ। यस्ता विद्यार्थीहरूमा आफ्नो काम 'भोलि' गर्ने सोच बढी हुन्छ, त्यो त्याग्नु नै उनीहरूको हितमा हुन्छ । यस्तो समस्याबाट जोगिन चुनौती स्वीकार गर्ने बानी बसाल्नुपर्छ, समय व्यवस्थापनको पालना कडाइका साथ गर्नुपर्छ, आफ्नो लक्ष्य चिन्नुपर्छ र यथार्थवादी निर्णय लिनुपर्छ।

हरेक मानिस आफ्नो लक्ष्य प्राप्त गर्न खोज्छ र एसइईपूर्वको यस अवधिमा यदि तपाईंको मन बेचैन भइरहेको छ भने प्रत्येक दिन यस बेचैनी माथि केही समय खर्च गर्नुपर्छ । यसको लागि एकान्तमा बसेर चिन्तन-मनन गर्नुपर्छ। यहींबाट जवाफ प्राप्त हुन्छ। प्रायः के देखिएको छ भने एसइईपूर्व विद्यार्थीहरूले पाठलाई बुझ्ने कम र घोक्ने बढी गर्छन्। विद्यार्थीहरूद्वारा घोक्ने प्रक्रियाले नै पढाइलाई उनीहरूको लागि बोझमा परिवर्तित गरिदिन्छ र पटक-पटक उनीहरूको ध्यान भङ्ग भइरहन्छ। यस कारण विद्यार्थीहरूले घोक्नुभन्दा बढी समय पाठ बुझ्नमा व्यतीत गर्नुपर्छ। धेरै विद्यार्थीहरू एसइईपूर्वको यस अवधिमा आराम गर्न छोडेर पढाइमाथि नै विशेष ध्यान दिने गर्छन्। यसले पनि उनीहरूमा तनाव उत्पन्न हुन्छ । यस कारण विद्यार्थीहरूले पढाइको बीचबीचमा आराम गर्नका लागि पनि समय निकाल्नुपर्छ।

सफलता हासिल गर्नका लागि सबैभन्दा पहिलो काम स्वयंलाई अनुशासित गर्नु हो; किनभने ब्रह्माण्डले पनि अनुशासनको पालना गर्दछ। एउटा निश्चित तिथिमा मौसम परिवर्तन हुन्छ। समयानुसार पशुपन्छी र रूख-बिरुवा पनि यदि अनुशासनमा बस्दैनन् भने उनीहरूको राम्ररो विकास हुँदैन । यस कारण एसइईको लक्ष्य प्राप्त गर्न उद्देश्यपूर्ण कुराहरूमा ध्यान दिनु नितान्त आवश्यक हुन्छ । एसइई पूर्वको यस अवधिमा विद्यार्थीहरूले शिक्षक र अभिभावकको सल्लाह लिए भने उनीहरू भ्रम र भयमुक्त भई गरिएको लगानी र समयको सदुपयोग बुद्धिमानीपूर्वक गर्न सक्छन् । एसइईमा सफलताको शुभकामना सहित....!

# गिद्ध संरक्षणमा बर्दिबासको पहलकदमी

महोत्तरी, २० माघ/रासस

जिल्लाको बर्दिबासमा लोपोन्मुख पक्षी गिद्ध संरक्षणको पहलकदमी थालिएको छ । बर्दिबास-३ को वन क्षेत्रमा पर्ने थुम्कोमा समूहमा बस्दै आएका गिद्ध भेटिएपछि नगरपालिकाले संरक्षणका लागि संस्थागत पहलकदमी थालेको हो।

नगरपालिकाले संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिलाई गिद्ध संरक्षणको जिम्मेवारी दिएको छ । पछिल्लोपटक समितिले लोपोन्मुख पक्षी गिद्ध र दुर्लभ चराचुरुङ्गी तथा वातावरण संरक्षण उपसमिति बनाएर संरक्षणको काम अघि बढाएको नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षत्रीले बताए। उपसमितिले तत्काल गिद्ध संरक्षणको पहलकदमी बढाउनुका साथै संरक्षण गर्नुपर्ने अन्य चराचुरुङ्गी र वातावरण संरक्षणका गतिविधिको रूपरेखा तयार गरिरहेको उनले जानकारी दिए।



"यस अघि पर्यटन व्यवसायी हीरालाल गौतमको संयोजकत्वमा संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति बनाइसकेका छौं, त्यो समितिले काम थालिसकेको छ," क्षत्रीले भने, "यहाँ भेटिएका गिद्धसहित अन्य दुर्लभ पक्षीको संरक्षणमा समितिले उपसमितिमार्फत योजनाबद्ध काम अघि बढाउने तालिका बनाएको छ।"

गत वर्ष बर्दिबास उद्योग वाणिज्य सङ्घको नेतृत्वमा १० सामाजिक सङ्घसंस्थाले यहाँका पर्यटकीय गन्तव्यको पहिचान गरी पदयात्रा शुरू गरेको थियो। पदयात्राका क्रममा यात्रीले समूहमा गिद्ध देखेपछि यसबारे संरक्षण गर्नुपर्ने सुझाव दिएपछि नगरले पहल थालेको प्रमुख क्षत्रीले बताए ।

पदयात्रामा सहभागी विशाल बस्नेत गिद्ध, चराचुरुङ्गी तथा वातावरण उपसमितिको संयोजक तोकिएपछि यो कामले गति लिने विश्वास लिइएको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका संयोजक गौतमले बताए । "हामीले धार्मिक, सांस्कृतिक, सामाजिक र वातावरणका क्षेत्रमा गरिनुपर्ने कामको सूची बनाएर अघि बढेका छौं, हाम्रा कामले यहाँको पर्यटन प्रवर्द्धन हुने विश्वास छ," उनले भने ।

बर्दिबास-३ का पुरातात्त्विक महत्त्वका स्थल राईमण्डलधाम, पाषाण युगकालीन हतियार कारखाना,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# निर्माण व्यवसायीबाट कानूनबमोजिम दाबी भएको रकम भुक्तानी हुन्छ –अर्थमन्त्री पौडेल

काठमाडौं, २० माघ/रासस

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले कानूनबमोजिम दाबी भएको निर्माण व्यवसायीको रकम भुक्तानी गर्न नरोकिने बताएका छन्। महिला आर्थिक पत्रकार सङ्घ फेजाले आइतवार आयोजना गरेको कार्यक्रममा उनले अघिल्लो सरकारका पालामा बाँकी रहेको भुक्तानीको दायित्व वर्तमान सरकारले निर्वाह गर्नुपर्दा असहज भएको बताएका थिए।

अर्थमन्त्री पौडेलले भने, "अब सरकार निर्माण व्यवसायीको कानूनबमोजिमको बिल भुक्तानी सहजरूपमा दिन सक्ने अवस्थामा पुगेको छ। सरकारले कानूनसम्मतरूपमा दाबी गरेको रकमको भुक्तानी रोकेको छैन।"

उनले पूँजीगत खर्च बढाउनेतर्फ सरकारले पहल गरिरहेको बताए। "सार्वजनिक खरीद ऐन, वन ऐन, वातावरण ऐनलाई सुधार गरेर पूँजीगत खर्च बढाउनुपर्ने आवश्यकता छ। त्यसका लागि नियमनलाई प्रभावकारी बनाउन ध्यान दिनेछौं," मन्त्री पौडेलले भने, "पूँजीगत खर्चको तुलनात्मकरूपमा मूल्याङ्कन गर्दा गत वर्षको तुलनामा यस वर्ष प्रगति भएको छ तर यो पर्याप्त छैन।"

उनले बैंकहरूको महत्त्वपूर्ण हिस्सा घरजग्गा व्यवसायमा लगानी भएको तर यस क्षेत्रमा कारोबार चलायमान हुन नसक्दा समग्र अर्थतन्त्रमा समस्या देखिएको धारणा राखे। "मापदण्ड पूरा गरेर नै बैंकहरूले घरजग्गामा लगानी गरेका छन्। घरजग्गा कारोबार गर्नेहरूलाई मात्रै गाली गरेर अर्थतन्त्र सुधार हुन सक्दैन। यस क्षेत्रमा रहेको समस्याको समाधान निजी क्षेत्र र सरकारको साझा विषय भएकोले सबै मिलेर समाधान गर्न जरुरी छ," मन्त्री पौडेलले भने।

उनले सरकारले ल्याएको अध्यादेशले नीतिगत सुधारमा सशक्त भूमिका खेल्ने र यसले निजी क्षेत्रको मनोबल बढाएको बताएका छन्। सरकारले अर्थतन्त्रमा देखिएका समस्या समाधानका निम्ति नीतिगत सुधारमा जोड दिएको र अध्यादेश त्यसैको सशक्त पहल भएको अर्थमन्त्री पौडेलको भनाइ थियो।



**प्रशोधन गरिएको लाहा:** झापाको गौरादहका डम्बरबहादुर विश्वकर्माले प्रशोधन गरी बिक्रीका लागि तयार पारेको लाहा (चप्रा)। विश्वकर्माले विसं २०७५ देखि पाँच बिघा जमीन भाडामा लिएर लाहाखेती गर्दै आएका छन्। सुनको गहना बनाउँदा, फर्निचरको रङ उजिल्याउन र सिलबन्दीका लागि लाहाको प्रयोग गरिन्छ। तस्बिर: गोपाल काफ्ले/रासस

# साम्प्रदायिक गतिविधि गर्नेहरूको प्रतिकार गर्ने चेतावनी

प्रस, वीरगंज, २० माघ/

विश्व हिन्दू परिषद्, राष्ट्रिय बजरङ्ग दल, हिन्दू परिषद् नेपाल र इस्कोनले आइतवार वीरगंजमा संयुक्त पत्रकार सम्मेलनको आयोजना गरी साम्प्रदायिक गतिविधि गर्नेहरूविरुद्ध प्रतिकार गर्ने चेतावनी दिएका छन्।



तस्वीर: सौजन्य

विश्व हिन्दू परिषद्, पर्साका अध्यक्ष बृजेश मल्लिकको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा परिषद्का रामचन्द्र वर्मा, रञ्जन सिंह, राष्ट्रिय बजरङ्ग दलका राजेश झा, हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष सञ्जय सर्राफले विगतका वर्षझैं यस वर्ष पनि सरस्वतीपूजाको मूर्ति विसर्जनका क्रममा कुनै पनि धर्म समुदायका व्यक्तिहरूले अवरोध गरेमा त्यसको कडा प्रतिकार गर्ने बताए।

उनीहरूले विगतका वर्षमा रौतहट, सिराहालगायत स्थानमा सरस्वतीमाताको मूर्ति विसर्जन गर्ने क्रममा गैरहिन्दूवादीले ढुङ्गामुढा गर्ने, कुटपिट गर्नेजस्ता साम्प्रदायिक घटना गर्ने गरेकामा यस वर्ष पनि त्यस्तो गर्न खोजेमा क्षम्य नहुने बताएका छन्।

# बाँकेमा ३२ प्रजातिका हिउँदे आगन्तुक जलचर चरा भेटिए

जानकी (बाँके), २० माघ/रासस

जिल्लामा यो वर्ष ३२ प्रजातिका हिउँदे आगन्तुक जलचर चरा भेटिएका छन्। यो वर्ष गरिएको चरा गणनाको नतीजा अनुसार उक्त सङ्ख्यामा जलचर चरा भेटिएका हुन्।



राप्तीसोनारी गाउँपालिका–१ कुसुमस्थित राप्ती नदीबाट शुरू गरिएको गणना तथा सर्वेक्षणमा थप ३२ प्रजातिका चरा भेटिएको चरा संरक्षणकर्मी आशिष चौधरीले जानकारी दिए। "जिल्लास्थित राप्ती नदीको कुसुमबाट अगैया क्षेत्र र विभिन्न ताल एवं नदीमा जलचर चराको गणना तथा सर्वेक्षण गर्दा यो वर्ष ३२ प्रजातिका थप चरा भेटिएका हुन्," उनले भने, "अघिल्लो वर्षको तुलनामा यो वर्ष नयाँ चराको सङ्ख्या बढेको छ।"

चौधरीले कान्तितालमा हिउँदे आगन्तुक पानी चरा २० प्रजाति र जिल्लाभरि ३२ प्रजातिका भेटिएको जानकारी दिए। जलचरा संरक्षणका लागि सिमसार नदीनालाको संरक्षण र अन्य पूर्वाधार व्यवस्थापन प्रभावकारी बनाउन सके चराको सङ्ख्या थप वृद्धि हुने उनको भनाइ छ।

चराविद् राम शाहीले पानी चराको बासस्थान र संरक्षणको अवस्थाका बारेमा विस्तृतमा सूचना तथा जानकारी प्राप्त हुने भएकाले चरा गणना गरिएको बताए। उनले बाँकेको राप्ती नदी तटीय क्षेत्र, सुतैया ताल, कान्तितालमा सिलसिले हाँस र जल कौवासँगै अन्य बकुला प्रजातिका चराका लागि बासस्थान सुरक्षित रहेको जानकारी दिए।

"जलमा बस्ने चरा प्रजाति सुरक्षित तब हुन्छन्, जब उनीहरूले बास गर्ने जलाशय सफा र स्वच्छ हुन्छ," शाहीले भने, "यो वर्ष अघिल्लो वर्षको तुलनामा तालतलैया सफा भएकाले सिलसिले हाँस र जल कौवाको सङ्ख्या बढेको हो।" ती चखेवासहित साइबेरियाली र रसियाबाट नेपाल फर्केका चरा रहेका उनले जानकारी दिए।

डिभिजन वन कार्यालय, बाँकेका प्रमुख डिभिजन वन अधिकृत शङ्करप्रसाद गुप्ताले जलचर चराहरूको गणनाबाट यो वर्ष थप ३२ प्रजातिका चराको सङ्ख्यामा वृद्धि भएको बताए। चराको मुख्य बासस्थानका रूपमा रहेको राप्ती नदी र कान्तितालगायत जलाशय क्षेत्रमा मानवीय गतिविधि र प्रदूषण रोकथाम गरेसँगै सङ्ख्या वृद्धि भएको उनको भनाइ छ। कान्तिताल महत्त्वपूर्ण सिमसार भएको बताउँदै चरा संरक्षण क्षेत्रका रूपमा यसलाई विकसित गर्नुपर्नेमा उनले जोड दिए।

बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दीप पङ्गेनीले यो वर्षको हिउँदे मौसममा गरिएको चरा गणना र सर्वेक्षणमा नयाँ र चाखलाग्दा चरा भेटिएको बताए। उनले राप्ती नदीको आसपास क्षेत्र, स्थानीय वन, कान्तिताल र सुतैया तालमा आगामी वर्ष चराको सङ्ख्या वृद्धि गर्न उनीहरूको बासस्थानलाई सफा र सुरक्षित राख्न विशेष योजना बनाइने जानकारी दिए।

बर्सेनि हुने सर्वेक्षण तथा गणनाबाट चराको बासस्थान व्यवस्थापनका लागि अपनाउनुपर्ने उपायका बारेमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे। बर्दियामा पनि चराको सर्वेक्षण तथा गणना सकिएको छ। रैथाने चराको गणना हुन बाँकी रहेको चरा संरक्षणकर्मी चौधरीले बताए।

# साढे १६ लाख नगदसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २० माघ/

सशस्त्र प्रहरी, रौतहटको गस्ती टोलीले स्रोत नखुलेको साढे १६ लाख नगदसहित दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा राजपुर नगरपालिका–४ का ४० वर्षीय शिवमङ्गल साह र २३ वर्षीय परवेज आलम रहेको सशस्त्र प्रहरी बल ११ नं हेडक्वार्टर गणका प्रमुख प्रहरी उपरीक्षक विक्रम हुमागाईंले जानकारी दिए।

ईशनाथ नगरपालिका–४ महुलिया नाकामा सशस्त्र प्रहरी मठियाको टोलीले भारतबाट नेपाल आउँदै गरेको मधेस प्रदेश०३३प९३०८ नम्बरको मोटरसाइकलमा सवार दुवैजनालाई चेक जाँच गर्दा रु १६ लाख ४९ हजार २०० सहित पक्राउ गरेको सप्रउ हुमागाईंले बताए। दुवैजनालाई नगद र मोटरसाइकलसहित आवश्यक कारबाईका लागि जिल्ला भन्सार कार्यालय, गौर बुझाइएको सप्रउ हुमागाईंले बताए।

# शेयर बजारमा हरियाली, झन्डै १३ अर्बको कारोबार

काठमाडौं, २० माघ/रासस

आइतवार शेयर बजारमा हरियाली छाएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ६९.८० अङ्कले बढेर दुई हजार ७२७ दशमलव ५८ अङ्कमा पुगेको छ।

विभिन्न ३३० कम्पनीका दुई करोड ४८ लाख ४८ हजार ७९ कित्ता शेयर एक लाख ३० हजार ९१३ पटक खरीद–बिक्री हुँदा १२ अर्ब ९५ करोड ५७ लाख ६४ हजार १३६ रुपियाँ ९९ पैसाको कारोबार भएको छ। आजको कारोबारपछि बजार पूँजीकरण रु ४५ खर्ब २५ अर्ब ४७ करोड ४४ लाख ४४ हजार ४३१ पुगेको छ।

आजको कारोबारमा सबै उपसमूह बढेका छन्। सबैभन्दा बढी माइक्रोफाइनान्स चार दशमलव ९२ प्रतिशत, निर्जीवन बीमा कम्पनीको तीन दशमलव ७१ प्रतिशत र विकास बैंक उपसमूह तीन दशमलव १५ प्रतिशतले बढेका छन्।

साथै उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था, ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था, अभियान लघुवित्त वित्तीय संस्था, विजया लघुवित्त वित्तीय संस्था, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड, ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्थाका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। साथै सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।



**परेवालाई चारो दिइँदै:** काठमाडौं महानगरपालिका–१६ स्थित तारकेश्वरधाम परिसरमा परेवालाई चारो दिंदै सर्वसाधारण। तस्बिर: हरिराम भेटुवाल/रासस

# भूमिसम्बन्धी समस्या समाधान हुनेगरी आयोगलाई अधिकार

काठमाडौं, २० माघ/रासस

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री बलराम अधिकारीले भूमिसम्बन्धी समस्या समाधान गर्न अहिले बनेको भूमि समस्या समाधान आयोग अन्तिम हुनेगरी सरकारले काम गरिरहेको बताएका छन्।

चाबहिलमा मालपोत र नापी कार्यालय भवन उद्घाटन गर्दै उनले भूमि समस्या समाधान गर्न अहिले बनेको आयोगलाई अधिकार पनि दिइएको बताए। पहिले आयोग बनाउने तर अधिकार नदिने समस्या भएकामा ऐन संशोधन गरेर अधिकार दिइएको मन्त्री अधिकारीको भनाइ थियो। "नागरिकता नम्बरमार्फत देशभर कसका नाममा कहाँ जग्गा छ भनेर थाहा पाउन सकिन्छ, अन्यत्र कसैले जग्गा लिएको पुष्टि भएमा कारबाई हुन्छ," मन्त्री अधिकारीले भने।

नियम र विधिविपरीत काम नगर्न मालपोत र नापी कार्यालयका कर्मचारीलाई निर्देशन दिंदै उनले जनताको हितविपरीत काम गरेमा कारबाई हुने चेतावनी दिए। विसं २०२१ मा भूमिसुधार ऐन लागू भई हदबन्दीमा परेको जग्गा अहिले दर्ता गरेर कमजोरी भएको स्वीकार गर्दै मन्त्री अधिकारीले त्यस्ता कुरालाई अब सच्याउनुपर्ने बताए।

सार्वजनिक जग्गा कति छन्? तिनको पनि अभिलेख बनाएर राख्न पनि उनले निर्देशन दिए। सरकारी संरचना निर्माणका लागि जग्गा माग भएमा प्रक्रियागतरूपमा अघि बढी आएमा मन्त्रालयले नरोक्ने मन्त्री अधिकारीको भनाइ थियो।

मालपोत र नापी कार्यालयको काम एउटै स्थानबाट गर्नेगरी एकै ठाउँमा कार्यालय बनाइएको मन्त्री अधिकारीले बताए। विविध समस्याका कारण तराईका अधिकांश जग्गाको अहिलेसम्म पनि नाप नभएका कारण समस्या आएको उनको भनाइ थियो।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले मालपोत र नापी कार्यालय टाढा हुँदा समस्या आएकाले एकै स्थानमा दुवै कार्यालय राखी कार्यसम्पादनमा सहज बनाइएको बताए। भवन नयाँ भएजस्तै नयाँ सोचका साथ कर्मचारीले पनि काम गर्नुपर्नेमा सचिव पोखरेलले जोड दिए। सयौं वर्ष पुराना अभिलेखलाई माथिल्लो तलामा सुरक्षित गरी राख्न उनले निर्देशन दिए।

# जलवायुको असर र अतिक्रमणको मारमा सिमसार

काठमाडौं, २० माघ/रासस

विश्वमा प्रत्येक वर्ष फेब्रुअरी २ तारिखमा मनाइने विश्व सिमसार दिवस यस वर्ष 'हाम्रो साझा भविष्यका लागि सीमसार क्षेत्रको संरक्षण' नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ। यस वर्षको नाराले सिमसार क्षेत्र र मानवजीवनबीच भविष्यको अन्तरसम्बन्धमा जोड दिएको छ।

सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ। ताल, तलैया, पोखरी, नदी, खोला, झरना, धानखेत आदि सिमसार क्षेत्र अन्तर्गत पर्छन्। जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण प्राकृतिक स्थलका रूपमा रहेको सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्नाका साथै मानिसलाई जीवनयापनका स्रोत प्रदान गर्छ।

सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने हेतुले यो दिवस मनाइने गरेको छ। यद्यपि नेपालमा पछिल्लोपटक जलवायु परिवर्तनका असरले मौसममा देखिएको परिवर्तन र मानवीय गतिविधिको अतिक्रमणले सिमसार क्षेत्र सीमित हुँदै गएको देखिन्छ। तिनको क्षेत्रफल र गुणस्तर दिनानुदिन घट्दै गइरहेको छ। केही स्थानका सिमसार लोपसमेत भइसकेका छन्।यसबाहेक सिमसार क्षेत्रमा बढ्दो जनसङ्ख्या र बसाइँसराइ, नदीखोला तथा आसपासमा फोहरमैला विसर्जन, गरीबी र बेरोजगारी, परम्परागत कृषि प्रणालीमा भएको रूपान्तरण, सिमसारजन्य स्रोतको अधिक दोहन, बाह्य मिचाहा प्रजातिको अतिक्रमण, रासायनिक मल र विषादीको मिसावट, जथाभावी पूर्वाधार निर्माणलगायत चुनौती थपिएका छन्।

जनचेतनाको कमी र सूचनाको अभावका कारण मानवीय गतिविधिले सिमसारको अतिक्रमण बढ्दो छ। वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दिवसका अवसरमा वन परिसर प्रवेशद्वारमा रहेको होर्डिङ बोर्डमा नारा अङ्कित ब्यानर अनावरण गर्ने गरेको छ। यसबाहेक प्रदेशका वन मन्त्रालय, संरक्षित क्षेत्र र डिभिजन वन कार्यालयले आआफ्नो स्तरमा दिवसका विभिन्न कार्यक्रम गरी दिवस मनाउने गरिएको विभागका उपमहानिर्देशक वेदकुमार ढकालले जानकारी दिए।

विश्वव्यापीरूपमा सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले सिमसार महासन्धि (रामसार महासन्धि) सन् १९७१ मा इरानको रामसार शहरमा भएको थियो। रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन फेब्रुअरी २ तारिखलाई स्मरण गर्दै विश्व सिमसार दिवस मनाउन शुरू गरिएको हो।

"जलवायुको असरका कारण वर्षा पनि कम हुँदै गएको छ। सिमसार क्षेत्रमा पछिल्लो समय पानीका स्रोत घट्दै गएका छन्। नदीको उपयोगमा सबैको जोड छ तर संरक्षणको दायित्व कसको भन्नेमा द्विविधा देखिन्छ," उपमहानिर्देशक ढकालले भने, "कतिपय पालिकाका नदी खोलामैं डम्पिङ छन्, यसमा तीनै तहका सरकारको ध्यान जान आवश्यक छ। सिमसार जोगाउनका लागि 'वाटर हार्भेस्टिङ'मा लगानी गर्नु आवश्यक छ।" सिमसार संरक्षणका लागि विभागले विद्यमान पोखरीको संरक्षण र नयाँ पोखरीसमेत निर्माण गरिरहेको उनले जानकारी गराए।

रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्त्व बोकेका तथा अति संवेदनशील सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने गर्छ। हालसम्म यसमा आबद्ध देशको सङ्ख्या १७२ पुगेको छ। साथै दुई हजार ४२२ सिमसार रामसारको सूचीमा सूचीकृत छन्। सन् १९८७ डिसेम्बर १७ मा कोशीटप्पु वन्यजन्तु आरक्षलाई रामसार क्षेत्रमा सूचीकृत गरेर नेपाल सन् १९८८ अप्रिल १७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो।



**विश्व सिमसार दिवसः** विश्व सिमसार दिवसको अवसर पारेर आइतवार रौतहटको हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर–६ स्थित सिमसार क्षेत्रको सरसफाइ गरिंदै। डिभिजन वन कार्यालय, रौतहट, हातोमालो, जनचाहना, जनएकता सामुदायिक वन उपभोक्ता समूहको संयुक्त आयोजना भएको सरसफाइ कार्यक्रममा डिभिजन वन कार्यालय, रौतहटका प्रमुख हेमन्तप्रसाद साह, इलाका प्रशासन कार्यालय, चन्द्रनिगाहपुरका उपसचिव जनकराज पन्त, नेपाली सेना, नेपाल प्रहरीको सहभागिता थियो। तस्बिरः रमेश तिमल्सिना/रासस

रामसार सूचीमा हाल नेपालका कोशीटप्पु, घोडाघोडी ताल क्षेत्र, जगदीशपुर जलाशय, बीसहजारी तथा आसपासका ताल, राराताल, फोक्सुन्डो ताल, गोसाइँकुण्ड तथा आसपासका ताल, गोक्यो तथा आसपासका ताल, माईपोखरी र पोखरा उपत्यकाका विभिन्न ताल सूचीकृत छन्। यी सिमसार क्षेत्रले ओगटेको कुल क्षेत्रफल ६० हजार ५६१ हेक्टर छ। सिमसार संसारको सबैभन्दा जैविक विविधता भएको बासस्थानमध्ये एक हो र धेरै लोपोन्मुख प्रजातिको बासस्थान पनि हो। विश्वको ४० प्रतिशत वनस्पति र वन्यजन्तु प्रजाति सिमसारमा बस्छन् वा प्रजनन गर्छन्।

सिमसार लाखौं घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ्ग र बोटबिरुवाका लागि महत्त्वपूर्ण बासस्थान हो। यस्तै, नेपालमा पाइने १७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन्। नेपालमा पाइने ८७८ प्रजातिका चरामध्ये सिमसारमा १९३ प्रजातिका चरा, २० प्रजातिका मेरुदण्ड भएका जीवमध्ये १७ प्रजातिका जीव र सात हजार प्रजातिका वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित रहेको विभागको तथ्याङ्क छ। त्यस्तै, २४६ रैथाने फुल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्।

**जलवायुको असर र अतिक्रमणको मारमा सिमसार**

विश्वमा पछिल्लो समय जलवायुका असर तीव्ररूपमा देखा परेका छन्। अझ नेपालजस्ता संवदेनशील भूबनोट र पर्वतीय मुलुकमा त जलवायुको असर झन् प्रत्यक्ष र विकराल बन्दै गएको छ। विगत केही समययतादेखि जलवायु परिवर्तनसँगै नेपालमा सिमसार क्षेत्रका रूपमा रहेका ताल, तलैया, घोल, नदी, चिस्यान क्षेत्रमा व्यापक परिवर्तन आएको छ। समग्रतामा वर्षाको मात्रामा देखिएको कमीले सुक्खा क्षेत्र वृद्धि हुनु, मिचाहा प्रजातिका वनस्पतिको वृद्धिलगायत कारण पनि सिमसार क्षेत्र सङ्कुचन भएको वा गुणस्तरमा कमी आएको यस क्षेत्रका जानकारहरूको भनाइ छ।

मन्त्रालयको वातावरण विभागका उपसचिव मधु घिमिरेका अनुसार जलवायुको असरका साथै प्राकृतिक स्रोतको अधिकतम दोहनले गर्दा सिमसार क्षेत्रमा पानीको कमी भएर सुक्खा क्षेत्रको वृद्धिले चुनौती थपिएको छ। "सिमसारको अत्यधिक दोहन, भूमि अतिक्रमण, प्रदूषण, जथाभावी पूर्वाधार निर्माण, पानीका मुहान तथा दलदल क्षेत्रको मर्मतसम्भार नहुँदा सिमसारको संरक्षण र व्यवस्थापनमा चुनौती देखिएको छ," उनले भने।

विश्वको करीब नौ प्रतिशत र नेपालको करीब पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालका तराई, पहाड र हिमाली क्षेत्रमा अन्तर्राष्ट्रिय महत्त्व बोकेका सिमसार क्षेत्र छन्। विश्व संरक्षण सङ्घ नेपालको अभिलेख अनुसार नेपालमा १६३ सिमसार तराईमा छन् भने ७९ सिमसार हिमाली तथा पहाडी क्षेत्रमा छन्।

सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचसमेत प्रदान गर्छ। पछिल्लो समय पर्यापर्यटनको गन्तव्य बन्दै गएको सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकन लगायत प्राकृतिक सौन्दर्यको अनुभव पनि यसले उपलब्ध गराएको छ।

वन मन्त्रालयले सिमसार क्षेत्रका चुनौतीलाई मध्यनजर गरी प्रदेश र स्थानीय तहसँगको समन्वयमा सिमसार क्षेत्र संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम तथा नीति अघि बढाएको वन तथा भूसंरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गानाले जानकारी दिए। सिमसारमा जल र जमीनको क्रिया र प्रतिक्रियाबाट जल परिचालन र शुद्धीकरणको प्रक्रिया चलिरहने हुनाले सिमसारलाई प्रकृतिको मिर्गौला पनि भन्ने गरिन्छ।

"सिमसारले वस्तु र सेवा प्रदान गर्नुका साथै पानीका स्रोत संरक्षण गर्छ। पानीको गुणस्तर कायम राख्न, जलचक्र र जलवायुलाई नियमित गर्न तथा तापमानलाई सन्तुलन गर्न पनि सिमसारको महत्त्व छ। तसर्थ यसको संरक्षणमा सबैको हातेमालो आवश्यक छ," महानिर्देशक ढुङ्गानाले भने।

सरकारले सिमसार क्षेत्रको संरक्षणका लागि विभिन्न कानूनी र नीतिगत व्यवस्था गरेको उनले जानकारी दिए। नेपालले संविधान, जलस्रोत संरक्षण ऐन– २०४९, स्थानीय सरकार सञ्चालन ऐन– २०७४, वातावरण संरक्षण ऐन– २०७६, जलचर संरक्षण ऐन– २०१७, राष्ट्रिय सिमसार नीति– २०६९ एवं आवधिक योजनाहरू तथा राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना ( सन् २०१८–२४)लगायत नीति र कानूनमार्फत सिमसारको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा वन मन्त्रालयले प्रतिबद्धता जनाउँदै आएको जनाएको छ।



**अदुवा र बेसार सुकाइँदैः** सुर्खेतको भेरीगङ्गा– ५ कालिदामारस्थित टोलीखोलामा ६५ रोपनी जग्गा भाडामा लिएर एक हजार चार सय टन अदुवा र तीन सय टन बेसार सुकाइँदै। सल्यानको कपुरकोट, जाजरकोट, रूकुम जिल्लाबाट खरीद गरेर ल्याइएका अदुवा र बेसारलाई बिक्री गर्नका लागि सुकाइएको हो। अदुवा र बेसारलाई बिहान ८ देखि बेलुका ५ बजेसम्म सुकाइन्छ। तस्बिरः रूपनी जिएम/रासस

## फरक समाचार

# विनाकारण शरीर दुख्छ ?

आजभोलि अस्वस्थकर दिनचर्याका कारण थुप्रै समस्या जन्मिन थालेका छन्। शरीर दुःखाइ पनि एउटा ठूलो उदाहरण हो। संसारका धेरैजना व्यक्ति



शरीर दुःखाइबाट पीडित छन्। यदि तपाईंलाई कुनै रोग छैन तर शरीरमा थकान, कमजोरी र दुःखाइ हुन्छ भने यसबारे विज्ञहरू के भन्छन्, जानौंः


एलएनजेपी अस्पतालका सिनियर पेन कन्सल्टेन्ट डा भुवन आहुजाका अनुसार शरीर दुःखाइ मांसपेशी र कोशिकामा हुने अकडनसँग सम्बन्धित हुन्छ। शरीर दुःखाइको कारण भिटामिन डी वा बी–१२ को कमी नै हो भन्न सकिंदैन, यसको लागि पोटाशियमको कमी पनि जिम्मेवार हुन सक्छ। पोटाशियम मांसपेशीको सङ्कुचनलाई नियन्त्रित गर्न, स्वस्थ तन्त्रिका कार्यलाई बनाइराख्न र द्रव सन्तुलनलाई नियन्त्रित गर्न मदत गर्छ। यस्तो स्थितिमा जब शरीरमा पोटाशियमको मात्रा कम हुन्छ, तब थकान र कमजोरी महसूस हुन थाल्छ।

**पोटाशियमको कमीको लक्षणः** शरीरमा पोटाशियमको कमी भएपछि मांसपेशीमा ऐंठन हुने, दुख्ने, कठोरता, झमझमाउने, सुन्न हुने समस्या हुन्छ। यस स्थितिमा शरीरमा दुःखाइ लामो समयसम्म रहिरहन्छ। शरीरमा पोटाशियमको स्तर कम हुन थाल्छ, तब मस्तिष्कले यी सङ्केतलाई राम्ररी बुझ्न सक्दैन र हाम्रो शरीरको प्रतिक्रियामा थुप्रै प्रकारले परिवर्तन हुन्छ। यसबाट थकान महसूस हुन्छ।

नोएडाकी डाइटिशियन खुश्बु शर्माका अनुसार पोटाशियमको कमीको सबैभन्दा ठूलो कारण बाहिरी खानेकुरा बढी सेवन गर्नु हो। पोटाशियमको पूर्तिको लागि फल, तरकारी, गेडागुडीजस्ता आहार खानेकुरामा समावेश गर्नुपर्छ।

# बनारसी साडी सुरक्षित राख्ने तरीका

बनारसी साडी कुन महिलालाई मन पर्दैन ? वर्षौंसम्म उनीहरू बनारसी साडी सम्हालेर राख्छन्। तर बनारसी साडी सही तरीकाले राखिएन भने यसको जरी कालो पर्न थाल्छ र कपडाको चमक पनि फिक्का हुन्छ। बनारसी साडी र जरी भएको साडी पीढीदरपीढी नयाँ बनाइराख्न हेरचाह जरुरी छ।



**सुतीको कपडामा बेरेर राखौं :** बनारसी वा कुनै पनि जरी भएको साडीलाई प्लास्टिकको कभरको सट्टा सदैव सुतीको कपडामा बेरेर राख्नुपर्छ। यसबाट जरीमा नमी लाग्दैन र कालो हुँदैन।

**तीन–छ महीनामा खुला ठाउँमा राखौंः** बनारसी साडीलाई लामो समयसम्म फोल्ड गरेर राख्दा त्यसको जरी खराब हुन थाल्छ। यसैले हरेक तीन–छ महीनामा साडीलाई खोलेर घाम वा हलुका हावामा राख्नुपर्छ।

**नीमको पात वा कपुर राखौं :** साडीलाई सुरक्षित दराज वा बाकसमा राख्दा नीमको पात वा कपूर पनि सँगै राख्नुपर्छ। यसबाट नमी बन्दैन र कपडा सुरक्षित रहन्छ।

**फोल्डिङ बदलिरहनुपर्छ :** एकै तरीकाले फोल्ड गरेर राख्दा जरीको डिजाइन थिचिन सक्छ। यसैले हरेक महीना कपडाको फोल्डिङ बदलिरहनुपर्छ।

**सिलिका जेलको प्याकेट :** साडीनजीक सिलिका जेलको प्याकेट राख्दा नमी जम्दैन र जरीको चमक पनि कायम रहन्छ।

**ड्राइ क्लिनिङ :** बनारसी साडीलाई धेरै धुनुहुँदैन, यसै कारण समयसमयमा ड्राइ क्लिनिङ गराइरहनुपर्छ।

**आइरनमा सावधानी :** साडीलाई सीधैं प्रेस गर्नुहुँदैन। हलुका गिलो कपडा माथि राखेर प्रेस गर्नुपर्छ। यसबाट जरीको चमक कायम रहन्छ।

यदि जरी भएको साडीलाई प्लास्टिकको ब्यागमा राख्नुहुन्छ भने यसबाट नमी बन्छ र जरी कालो पर्न थाल्छ। साडीलाई कहिल्यै सामान्य डिटर्जेन्टले धुनुहुँदैन। यसको रेशमी धागो कमजोर हुन्छ। कडा घाममा सुकाउँदा साडी फिक्का हुन थाल्छ।

# ह्वाट्सएपमा कल रेकर्ड कसरी गर्ने ?

ह्वाट्सएपले समयसमयमा नयाँ फिचरहरू ल्याइरहेको हुन्छ। तर अहिलेसम्म कल रेकर्डिङको सुविधा उपलब्ध गराएको छैन। कल रेकर्डिङ गैरकानूनी भएपनि कतिपय स्थितिमा फोन गर्ने व्यक्तिको कल रेकर्डिङ गर्नुपर्ने हुन्छ। ह्वाट्सएपमा बिल्ड–इन कल रेकर्डिङको फिचर हुँदैन तर तपाईं कल रेकर्डिङ गर्न चाहनुहुन्छ भने त्यसको लागि पनि तरीका छ।



तपाईंको फोनमा स्क्रिन रेकर्डिङको फिचर हुन्छ। यसको प्रयोग ह्वाट्सएपको कल रेकर्डको लागि गर्न सकिन्छ। कसैले तपाईंको ह्वाट्सएपमा कल गर्छ भने त्यति बेला स्क्रिन रेकर्डिङको फिचरलाई अन गर्नुपर्छ। यस फिचरले ह्वाट्सएपको अडियो वा भिडियो दुवै कल रेकर्ड गर्छ। कल समाप्त भएपछि रेकर्डिङ स्वतः सेभ नभएमा म्यानुअली गर्नुपर्छ।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चीनद्वारा अमेरिकी भन्सार महसूलको 'दृढ विरोध' र 'जवाफी कदम' चाल्ने चेतावनी

बेइजिङ, २० माघ/एएफपी

चीनले आइतवार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा बेइजिङमा लगाइएको विद्यमान शुल्कमा थप १० प्रतिशत कर लगाउने घोषणा गरेका थिए।



चीनको पिपुल्स बैंक अफ चीनमा राखिएका अमेरिका र चीनको झन्डाको बीचमा हिंड्दै अमेरिकी अर्थ सचिव जेनेट येलेन। तस्वीरः एजेन्सी

नयाँ करको दृढतापूर्वक विरोध गरेको र आफ्नो अधिकार र चासोको दृढतापूर्वक रक्षा गर्न सम्बन्धित जवाफी कदम चाल्ने वाचा गरेको बताएको छ।

शनिवार प्रमुख व्यापार साझेदारहरूविरुद्ध व्यापक कदमहरू सार्वजनिक गर्दै ट्रम्पले चिनियाँ आयातमा

आइतवार एक विज्ञप्तिमा चीनको वाणिज्य मन्त्रालयले वाशिङ्टनका गलत अभ्यासहरूको आलोचना गर्दै 'बेइजिङ यसबाट अत्यन्त असन्तुष्ट र दृढतापूर्वक विरोध गर्छ' भनेको छ।

मन्त्रालयले बेइजिङले विश्व व्यापार सङ्गठन (डब्लुटिओ)मा मुद्दा दायर गर्ने र संयुक्त राज्य अमेरिकाले एकपक्षीयरूपमा लगाएको करले विश्व व्यापार सङ्गठनका नियमहरूको गम्भीर उल्लङ्घन गर्छ' भनी तर्क गरेको बताएको छ।

"यी शुल्कहरू अमेरिकाको आफ्नै समस्याहरू समाधान गर्न मात्र असहयोगी नभई सामान्य आर्थिक र व्यापारिक सहयोगलाई पनि कमजोर बनाउँछन्"–मन्त्रालयले भनेको छ–"संयुक्त राज्य अमेरिकाले अन्य देशहरूलाई हरेक पालोमा कर लगाउने धम्की दिनुको सट्टा फेन्टानिलजस्ता आफ्नै मुद्दाहरूलाई वस्तुनिष्ठ र तर्कसङ्गतरूपमा हेर्ने र व्यवहार गर्नेछ भन्ने चीनलाई आशा छ।"

"बेइजिङ अमेरिकालाई आफ्नो गलत अभ्यास सुधार गर्न, आफ्ना समस्याहरूको सामना गर्न, स्पष्ट संवाद गर्न, सहयोगलाई बलियो बनाउन र समानता, आपसी लाभ र आपसी सम्मानको आधारमा मतभेदहरू व्यवस्थापन गर्न आग्रह गर्छ"–विज्ञप्तिमा उल्लेख छ।

"व्यापार वा भन्सार युद्धमा कोही विजेता हुँदैन"–विज्ञप्तिमा चीनको विदेश मन्त्रालयले भनेको छ–"थप भन्सार महसूल लगाउने अभ्यास उचित छैन र यसले लागूऔषध नियन्त्रणमा भविष्यको द्विपक्षीय सहयोगलाई अनिवार्यरूपमा प्रभावित र क्षति पुऱ्याउनेछ।" रासस

## नेतन्याहूले गाजा युद्धविरामको दोस्रो चरणबारे अमेरिकासँग छलफल गर्ने

जेरुसेलम, २० माघ/एएफपी

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजा युद्धविरामको दोस्रो चरणको वार्ताका सम्बन्धमा सोमवार अमेरिकी अधिकारीहरूसँग छलफल गर्ने भएका छन्।

प्रधानमन्त्री नेतन्याहूले आइतवार अमेरिकी राष्ट्रपतिका मध्यपूर्वदूत स्टिभ विटकोफसँग कुराकानी गरेका र अमेरिकी अधिकारीहरूसँग वाशिङ्टनमा हुने भेटवार्तामा थप छलफल गर्ने सहमति जनाएका छन्।

हमास र इजरायलका मध्यस्थकर्ता र प्रतिनिधिमण्डलबीच भएको ४२ दिने पहिलो चरण अर्को महीना समाप्त हुनेछ भने दोस्रो चरणको औपचारिक वार्ताको मिति तय गरिएको छैन।

विटकोफले इजरायलका प्रधानमन्त्री नेतन्याहूसँग दोस्रो चरणको वार्ता अघि बढाउन छलफल गर्नु अघि प्रमुख मध्यस्थकर्ता कतार र इजिप्टसँग कुरा गर्ने बताइएको छ।

दोस्रो चरणमा बाँकी रहेका बन्दीको रिहाइ र युद्धको स्थायी अन्त्यबारे थप छलफल हुने अपेक्षा गरिएको छ। यसको नेतन्याहू सरकारका धेरै सदस्यले विरोध गरेका छन्।

इजरायलबाट १५ महीनाभन्दा बढी समयदेखि बन्धक बनाइएका ३३ व्यक्तिको रिहाइका बदलामा इजरायलमा बन्दी रहेका करीब एक हजार ९०० प्यालेस्टिनीको रिहाइको लागि जनवरी १९ मा इजरायलसँग भएको युद्धविराम सम्झौता अन्तर्गत हमास र उसको सहयोगी इस्लामिक जिहादले अहिलेसम्म १८ जना बन्धकलाई रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई सुम्पेका छन्।

हमास स्रोतका अनुसार आगामी शनिवार बन्धकको पाँचौं समूह र प्यालेस्टिनी कैदी आदानप्रदान हुनेछन्।

युद्धविरामको छ हप्ताको पहिलो चरण ३३ बन्धक र एक हजार ९०० प्यालेस्टिनी आदानप्रदान कसरी हुन्छ भन्ने कुराले दोस्रो चरणको सम्झौताको वातावरण बन्नेछ। रासस

## मेक्सिकोद्वारा कार्टेल गठबन्धनको दाबीमा अमेरिकामाथि 'निन्दा' गरेको आरोप

मेक्सिको सिटी, २० माघ/एएफपी

मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले शनिवार क्रुद्ध हुँदै आफ्नो सरकारले लागू पदार्थ कार्टेलहरूसँग गठबन्धन गरेको भन्ने संयुक्त राज्य अमेरिकाको आरोपलाई अस्वीकार गरेकी छन् र डोनाल्ड ट्रम्पको व्यापक भन्सार महसूलविरुद्ध बदला लिने प्रतिज्ञा गरेकी छन्।

अवैध आप्रवासन र लागूऔषध तस्करीका कारण ट्रम्पले मेक्सिको र क्यानडाका सामानमा २५ प्रतिशत कर लगाउने ह्वाइट हाउसले बताएपछि नजीकका छिमेकीहरूबीच तनाव बढेको छ।

सेनबामले भनिन्–"मैले मेरो अर्थमन्त्री मार्सेलो एबरार्डलाई हामीले काम गरिरहेका योजना 'बी' कार्यान्वयन गर्न भनेकी छु, जसमा मेक्सिकोको हित रक्षामा भन्सार र गैरभन्सार उपायहरू समावेश छन्।"

एबरार्डले ट्रम्पको करलाई मेक्सिको र क्यानडासँगको संयुक्त राज्य अमेरिकाको स्वतन्त्र व्यापार सम्झौताको स्पष्ट उल्लङ्घन भनेका छन्।

वाशिङ्टनले आफ्नो सरकारको लागू पदार्थ तस्करी समूहहरूसँग 'असहनीय गठबन्धन' रहेको आरोप लगाएपछि सेनबामले पनि जवाफी प्रतिक्रिया दिएकी हुन्।

"आपराधिक सङ्गठनहरूसँग हामीले गठबन्धन गरेकोजस्तो ह्वाइट हाउसले मेक्सिको सरकारविरुद्ध गरेको बदनामीलाई पूर्णरूपमा अस्वीकार गर्छौं"–सेनबामले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा लेखिन्– "यदि कतै त्यस्तो गठबन्धन छ भने त्यो अमेरिकी हतियार पसलहरूमा छ, जसले यी आपराधिक समूहहरूलाई उच्च शक्तिका हतियारहरू बेच्छन्।"

"यदि संयुक्त राज्य सरकार र यसका एजेन्सीहरूले आफ्नो देशमा फेन्टानाइलको गम्भीर उपभोगलाई सम्बोधन गर्न चाहन्छन् भने उनीहरूले आफ्ना प्रमुख शहरका सडकहरूमा लागू पदार्थको बिक्री रोक्न सक्छन्, जुन उनीहरूले गर्दैनन् र यस गैरकानूनी गतिविधिबाट उत्पन्न मनी लन्डरिङले उनीहरूको जनसङ्ख्यालाई धेरै हानि पुऱ्याएको छ।"

यद्यपि अमेरिकी राजनीतिज्ञ र विश्लेषकहरूले पहिले पनि मेक्सिको सरकारले कार्टेलहरूसँग सहकार्य गरेको आरोप लगाएका थिए। तर औपचारिक आरोप लगाइएको यो पहिलोपटक भएको सेवानिवृत्त मेक्सिकाली कूटनीतिज्ञ अगस्टिन गुटिरेज क्यानेटले बताए।

"अमेरिकी सरकारले अब औपचारिकरूपमा मेक्सिको सरकारलाई लागू पदार्थ तस्करीसँग औपचारिकरूपमा जोडेको यो वास्तवमैं अभूतपूर्व हो"–उनले भने–"ट्रम्प यो बयानबाजी दबाबका लागि प्रयोग गर्नुहुन्छ तर यसलाई कहिल्यै पनि हल्कारूपमा लिनुहुँदैन।"

**मन्दी सम्भव**

मेक्सिकोको सबैभन्दा ठूलो व्यापार साझेदारले लगाएको भन्सार महसूलले ल्याटिन अमेरिकाको दोस्रो ठूलो अर्थतन्त्रमा ठूलो धक्का लाग्ने विश्लेषकहरूले बताएका छन्।

आधिकारिक तथ्याङ्क अनुसार अमेरिकाले गत वर्ष मेक्सिकोको निर्यातको ८० प्रतिशतभन्दा बढी खरीद गरेको थियो।

"अमेरिकामा हुने निर्यातले उनीहरूको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को करीब २० प्रतिशत हिस्सा ओगटेको हुनाले आजको भन्सार महसूलले क्यानडा र मेक्सिको दुवैको अर्थतन्त्रलाई यस वर्षको अन्त्यमा मन्दीमा धकेलन सक्छ"–क्यापिटल इकोनोमिक्स कन्सल्टेन्सी फर्मले ग्राहकहरूलाई एउटा नोटमा लेखेको छ।

बैंको बेस वित्तीय समूहका आर्थिक विश्लेषण प्रमुख ग्याब्रिएला सिल्लरका अनुसार २५ प्रतिशतको समग्र भन्सार महसूलले मेक्सिकोको निर्यातमा करीब १२ प्रतिशतको गिरावट ल्याउन सक्छ।

"यदि भन्सार महसूल वर्षभरि कायम रह्यो भने मेक्सिकोको जिडिपी सन् २०२५ मा चार प्रतिशतले घट्न सक्छ"–उनले चेतावनी दिए–"सन् २०२४ को अन्त्यसम्म मेक्सिको मन्दीको सँघारमा थियो। यदि यो भन्सार महसूल केही महीनासम्म रह्यो भने मेक्सिकाली अर्थतन्त्र गम्भीर मन्दीमा जानेछ।" रासस



**सरस्वतीको मूर्तिमा रङ लगाउँदै मूर्तिकारः** सर्लाहीको मलङ्गवा नगरपालिका–४ मा विद्याकी देवी सरस्वतीको मूर्तिमा रङ लगाउँदै मूर्तिकार। श्रीपञ्चमी अर्थात् सरस्वतीपूजाका दिन सरस्वतीको मन्दिर वा शैक्षिक संस्थामा गएर सरस्वतीको मूर्तिमा पूजा आराधना गर्ने गरिन्छ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

## सरकारी विद्यालयमा निश्शुल्क पानीको व्यवस्था -मन्त्री यादव

प्रस, वीरगंज, २० माघ/

देशभरका सामुदायिक विद्यालयमा शुद्ध तथा स्वच्छ खानेपानीको व्यवस्था गरिने खानेपानीमन्त्री प्रदीप यादवले बताएका छन्। साउथ जोन सेकेन्ड्री स्कूलको १६औं वार्षिकोत्सव कार्यक्रममा उनले देशभरिका विद्यालय निश्शुल्क धारा जडानको व्यवस्था गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे। अहिलेसम्म कुल जनसङ्ख्याको २७ प्रतिशतले खानेपानी सेवा लिइरहेकामा मन्त्रालयले आगामी एक वर्षभित्र शुद्ध खानेपानीको पहुँचलाई ५७ प्रतिशत जनसङ्ख्यासम्म पुऱ्याउने लक्ष्यसहित काम गरिरहेको मन्त्री यादवले बताए।




खानेपानी जडान तथा वितरण गर्न शिक्षा मन्त्रालयका सहसचिव र खानेपानी मन्त्रालयका सहसचिव इन्जिनीयर मीना श्रेष्ठको नेतृत्वमा विशेष टोली गठन भइसकेको उनले बताए। देशभरिका सामुदायिक विद्यालयहरूमा निश्शुल्क शुद्ध खानेपानी जडान तथा वितरण कार्य चाँडै नै शुरू हुने उनले बताए।

कार्यक्रममा उनले अभिभावकहरूले आआफ्नो जिम्मेवारी वहन गर्दै आफ्ना नानीबाबुहरूले एक वर्षमा विद्यालयमा के सिके, तिनको पढाइको स्तर, खेलकूद तथा अन्य क्रियाकलापमा उनीहरूको सहभागिताबारेमा चासो राख्नुपर्ने आवश्यकतामाथि जोड दिएका थिए।

विद्यालयबाट घर फर्किएपछि विद्यार्थीहरूको गृहकार्य, अध्ययन तथा अन्य गतिविधिमा अभिभावकहरूले ध्यान दिनु नै आफ्नो बालबालिकाको भविष्य सपार्नु हो, मन्त्री यादवको भनाइ थियो।

प्रधानाध्यापक सरोजप्रसाद चौधरीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साकी नवनिर्वाचित महिला उपाध्यक्ष नीलिमा पौडेललाई खानेपानी मन्त्री यादवले सम्मानित गरेका थिए।

### गिद्ध संरक्षणमा ...

परेवापाखा र सोलीघोप्टे डाँडाको सेरोफेरो राईमण्डल डाँडाको थुम्कोमा पछिल्लोपटक भेटिएका गिद्ध संरक्षणको काम पहिलो प्राथमिकतामा अघि बढाइएको समितिले जनाएको छ। गिद्ध भेटिएको थुम्कोलाई अब गिद्धबास भनिन थालिएको छ।

चुरेले जिल्लाका सबै भेग समेटेको बर्दिबासमा पर्यटन प्रवर्द्धनका कामले गति लिने सर्वसाधारणले विश्वास लिएका छन्। गिद्धबास पनि यहाँको पर्यटकीय गन्तव्य हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै यसलाई संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले आफ्नो कार्यक्षेत्रमा पारी योजनाबद्ध पहलकदमी बढाएको नगरप्रमुख क्षत्रीले स्पष्ट पारे।

गिद्धबासमा एक हजारभन्दा बढी गिद्ध रहेकाले यसको संरक्षणलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्ने उपसमितिका संयोजक बस्नेतले बताए। मुलुकको नवलपरासी जिल्लास्थित कावासोतीको पिठौली वन क्षेत्रमा 'जटायु रेस्टुरेन्ट' बनाएर गिद्ध संरक्षणाको पहलकदमी थालिएको र अन्य रचनात्मक काम पनि थालिने योजना बनाइएको उनले जानकारी दिए।

जिल्लामा तीन दशक अघिसम्म ठूलाठूला सिमलका रूखमा बस्ने गिद्ध ती रूख मासिँदै गएपछि देखिन छाडेका स्थानीय ७० वर्षीय बिसुनदेव महतोले बताए। बस्तीका चउरमा विषाक्त घाँस खाएर मरेका पशुवस्तुको सिनो खानाले पनि गिद्ध मासिएको उनको बुझाइ छ। "मधेसमा केही दशक पहिले पशुको छाला ठेक्का लिने ठेकदारले चउरमा विष छर्केर काम गर्थे। त्यही सिनो खाएर गिद्ध पनि मर्न थालेपछि लोप हुँदै गएका हुन्," उनले भने।

जतातत‌ै मासिँदै गएका बेला लोपोन्मुख पक्षी गिद्ध आफ्नो ठाउँमा देखिनुलाई अवसरका रूपमा लिएर संरक्षणमा सबै जुट्नुपर्ने स्थानीय टेकबहादुर बस्नेतले प्रतिक्रिया दिए। पछिल्लो समय गिद्ध संरक्षण व्यवस्थित बन्दै गए पनि यससम्बन्धी अध्ययन, अनुसन्धान गर्नेहरू कम रहेका बर्दिबास–३ गौरीडाँडास्थित जनता माविका पूर्वप्रधानाध्यापक दीपकराज बरालले बताए। लोपोन्मुख पक्षीसम्बन्धी अध्ययन, अनुसन्धान गर्नेहरूलाई तीनै तहका सरकारले प्रोत्साहनमूलक योजना ल्याएर प्रेरित गर्नुपर्नेमा उनले जोड दिए।

## महिलाको हत्या

प्रस, महोत्तरी, २० माघ/

महोत्तरीको गौशाला नगरपालिका वडा नं ८ स्थित अभिषेक यादवकी १९ वर्षीया पत्नी खुश्बु यादवको हत्या गरिएको अवस्थामा आइतवार बिहान शव भेटिएको छ। गौशाला नगरपालिका–५ मा विद्युत् प्राधिकरण कार्यालयनजीकै रहेको खेतमा खुश्बुको शव भेटिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलाल जैसवारले बताएका छन्।

शनिवार राति घरबाट निस्केकी खुश्बुको अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गरी हत्या गरेको अवस्थामा खेतमा शव भेटिएको प्रहरीको भनाइ छ। घटनाबारेमा अनुसन्धान भइरहेको जिप्रका, महोत्तरीले जनाएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – राज्यलाभ |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुपराजय | वृश्चिक – सुसमाचार |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# किशोरीहरूलाई साइकल, शैक्षिक सामग्री वितरण


तस्वीरः प्रतीक





प्रस, पोखरिया, २० माघ/

जीराभवानी र ठोरी गाउँपालिकाकाका ३५ जना किशोरीलाई आइतवार साइकल वितरण गरिएको छ।

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोग र आसमान नेपालको आयोजनामा सञ्चालित 'बालिकालाई पछाडि नपारौं' परियोजना अन्तर्गत विद्यालय भर्ना भएका जीराभवानीका २८ जना र ठोरी गापाका सातजना गरी ३५ जना किशोरीलाई साइकल वितरण गरिएको हो।

साइकल पाएका ती किशोरीहरूलाई विद्यालय पुग्न कम्तीमा ३० देखि ४० मिनेट पैदल हिंडेर आउनुपर्ने बाध्यता थियो। साइकल पाएपछि समयमा विद्यालय पुग्न सजिलो भएको छात्रा करिना खातुनले बताइन्।

जनता मावि सेढवाका प्रधानाध्यापक खेमराज महतोको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामशरण खवास, महादेव महतो थारू, आसमान नेपालका पालिका संयोजक धर्मेन्द्र चौरसिया, सहजकर्ता, शिक्षकशिक्षिका, अभिभावकहरूको सहभागिता थियो।

यसैगरी, कार्यक्रममा १४० जना किशोरीलाई शैक्षिक सामग्री वितरण गरिएको थियो। ब्याग, कापी, पेन, जियोमेट्री बक्स, इङ्लिश ग्रामर, क्यालकुलेटरलगायतका शैक्षिक सामग्री किशोरीहरूलाई वितरण गरिएको पालिका संयोजक चौरसियाले बताए।

# चिकित्सकको आन्दोलनप्रति वैश्य महासङ्घको ऐक्यबद्धता

प्रस, वीरगंज, २० माघ/

नारायणी अस्पतालको पुनर्निर्माणको माग गर्दै आन्दोलनमा उत्रिएका स्वास्थ्यकर्मीहरूको आन्दोलनप्रति राष्ट्रिय वैश्य महासङ्घ नेपाल, पर्साले ऐक्यबद्धता जनाएको छ।


तस्वीरः सौजन्य

आइतवार महासङ्घ, पर्साका अध्यक्ष डा सन्तोषकुमार साहको अगुवाइमा गीतामन्दिरबाट निस्किएको समर्थन र्‍याली नारायणी अस्पतालमा पुगेर डा नीरज सिंहलाई ऐक्यबद्धतापत्र बुझाएको थियो।

नारायणी अस्पताल जीर्ण भएकोले यथाशीघ्र अस्पताल भवन निर्माण गरी तराई–मधेसका जनतालाई उचित उपचार सेवा उपलबध गराउनुपर्ने अध्यक्ष डा साहले माग गरेका थिए।

कार्यक्रममा प्रदेशसभा पूर्वसदस्य राजेश्वर साह तेली, डा प्रमोद सर्राफ, दिना गुप्तालगायतको सहभागिता थियो।

## सालको रूख कटानी एकजना पक्राउ

प्रस, पंचगावाँ, २१ माघ/

पर्साको सबडिभिजन वन कार्यालय, बडनिहारले गस्ती गर्ने क्रममा राष्ट्रिय वन क्षेत्र (कोर एरिया)मा अवैधरूपमा सालको काँचो रूख फँडानी गर्दै गरेको अवस्थामा एकजनालाई पक्राउ गरेको छ।



पक्राउ पर्नेमा पर्सागढी नगरपालिका–८ निवासी २८ वर्षीय तेजा माझी मुसहर रहेका छन्। उनी सालको रूख कटानी गरी गोलिया बनाइरहेको अवस्थामा भेटिएपछि नियन्त्रणमा लिइएको हो।

सबडिभिजन वन कार्यालय, बडनिहारका जमदार जीतबहादुर तामाङका अनुसार पक्राउ परेका व्यक्तिलाई आवश्यक कानूनी प्रक्रिया पूरा गर्नका लागि कार्यालयमैं राखिएको छ। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको वन कार्यालयले जनाएको छ।

**अध्यक्ष ...**

गर्नु नपर्ने हो ?' भन्ने आधार प्रमाणसहित लिखित जवाफ पेश गर्न निर्देशन दिएको छ।

बौधीमाई नगरपालिकाका प्रमुख यादवले माघ १८ गते शुक्रवार अदालतमा अवहेलना मुद्दा दर्ता गराएका थिए, जसलाई सुनवाइका लागि ६ नं इजलासमा पेश गरिएपछि अदालतले आज निर्णय सुनाएको हो।




# खेलकूदको संसार

## महिला अन्तर्राष्ट्रिय क्रिकेटः नेपालको तेस्रो हार

काठमाडौं, २० माघ/रासस

राजधानीमा जारी महिला टी–२० शृङ्खलामा नेपालले लगातार तेस्रो हार बेहोरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेदरल्यान्ड्सविरुद्धको खेलमा नेपाल १५ रनले पराजित भएको हो।

जीतका लागि १४१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १२५ रन मात्र बनाउन सक्यो।



नेपालका लागि कप्तान इन्दु बर्माले सर्वाधिक ३० रन जोडिन्। उनले ३२ बल खेल्ने क्रममा एक छक्का प्रहार गरिन्। त्यस्तै, सम्झना खड्काले २४ बलमा चार चौकाको सहयोगमा २३ रन बनाइन् भने पूजा महतोले १८, कविता जोशीले १४ तथा सीता रानामगरले अविजित १० रन बनाए।

त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १४० रनको योगफल तयार गरेको थियो।

नेदरल्यान्ड्सका लागि कप्तान बाबेट डि लिडेले सर्वाधिक ४१ रन जोडिन्। उनले ३८ बलमा चार चौका र एक छक्का प्रहार गरिन्। त्यस्तै, हिटर सिगर्सले २६ तथा रोबिन रिके र फेबी मोलकिनरले समान २१ रन बनाए।

नेपालका लागि सीता रानामगरले पाँच विकेट लिइन्। त्यस्तै, मनीषा उपाध्यायले दुई तथा कविता जोशी र इन्दु बर्माले समान एक/एक विकेट लिए।

प्रतियोगितामा नेपाल, नेदरल्यान्ड्स र थाइल्यान्डको सहभागिता छ। प्रतियोगितामा नेपालको यो लगातार तेस्रो हार हो। यस अघि नेपाल पहिलो खेलमा नेदरल्यान्ड्स र दोस्रो खेलमा थाइल्यान्डसँग पराजित भएको थियो। नेपालले यही माघ २२ गते थाइल्यान्डसँग खेल्नेछ।

## अर्जुन ट्रफी क्रिकेटः अत्तरियाले बैतडीलाई हरायो

बैतडी, २० माघ/रासस

कैलालीको धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार सम्पन्न पहिलो खेलमा सिवाइसी अत्तरिया विजयी भएको छ। अत्तरियाले दशरथ चन्द एकेडेमी बैतडीलाई २६ रनले पराजित गऱ्यो।

जीतका लागि पाएको १६५ रनको लक्ष्य पछ्याएको बैतडीले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १३८ रन मात्रै बनाउन सक्यो। उसका लागि हिमाल दौल्यालले सर्वाधिक ३९ रन बनाए।

बलिङतर्फ अत्तरियाका विवेक यादवले चार, साहब आलम र कमल गुप्ताले दुई/दुई विकेट लिए।

त्यस अघि फाप्ला क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको अत्तरियाले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा १६४ रन बनायो। जसमा भीम सार्कीले अर्धशतकीय पारी खेल्दै ७० रनमा अविजित रहे। बैतडीका अमरसिंह रौटेलाले दुई विकेट हात पारे।

**धनगढीको पहिलो जित**

प्रतियोगिता अन्तर्गत आज सम्पन्न दोस्रो खेलमा डिसिए धनगढी विजयी भएको छ।

पहिलो जीत दर्ता गर्ने क्रममा धनगढीले घोडाघोडी–११ सुखडलाई ६९ रनले पराजित गऱ्यो। जीतका लागि पाएको १५० रनको लक्ष्य पछ्याएको सुखड १६ दशमलव पाँच ओभरमा ८० रनमा समेटियो। टेक रावतले १८ र दीपक टमटाले १३ रन बनाउनुबाहेक अन्यले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। बलिङमा धनगढीका ललित राजवंशीले तीन, मिलन बोहरा र राहुल भण्डारीले दुई/दुई विकेट लिए।

यस अघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको धनगढीले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १४९ रन बनायो। जसमा राजु रिजालले ३७, लोकेश बमले ३१ र अभिषेक पालले २८ रनको योगदान गरे। सुखडका लागि लकी स्मिथले तीन र नरेन साउदले दुई विकेट झारे।

## टाइगर कप भलिबलः महिलातर्फको उपाधि आयोजकलाई

कास्की, २० माघ/रासस

टाइगर ग्रुप अफ पोखराद्वारा आयोजित टाइगर कप भलिबलको उपाधि आयोजक टोलीले हात पारेको छ। टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिलातर्फको उपाधि आयोजकले जितेको हो।

पोखरा रङ्गशालामा आइतवार सम्पन्न प्रतिस्पर्धात्मक खेलमा अघिल्लो संस्करणको विजेता सशस्त्र प्रहरीको एपिएफ क्लबलाई ३–२ सेटले पराजित गर्दै आयोजक टोलीले पहिलोपटक उपाधि जितेको हो।

च्याम्पियन बनेको टाइगर ग्रुपले नगद रु पाँच लाख ८५ हजार ५५५ पुरस्कार पाउँदा उपविजेता बनेको एपिएफले रु दुई लाख ८५ हजार ५५५ प्राप्त गरेको छ।

पहिलो सेट १७–२५ ले गुमाएको आयोजक टोलीले दोस्रो सेट २९–२७ ले आफ्नो पक्षमा पारेको थियो। पुनः तेस्रो सेट २१–२५ ले एपिएफलाई सुम्पिएको आयोजक टोलीले चौथो सेट २५–१६ ले जीत निकाल्दा खेल पाँचौं सेटमा धकेलिएको थियो।




पाँचौं सेटमा आयोजक टोलीले उत्कृष्ट प्रदर्शन गर्दै १५–१३ को जीत निकालेपछि उपाधि हात पारेको हो। पहिलोपटक सहभागिता जनाएको आयोजक टोलीले पहिलोपटकमा नै उपाधि चुमेको छ।

**पुरुषतर्फको उपाधि पुलिस क्लबलाई**

विभागीय टोली नेपाल पुलिस क्लबले पुरुषतर्फको टाइगर कप भलिबलको उपाधि जितेको छ। पुलिस क्लबले घरेलु टोली गण्डकी प्रदेशलाई हराउँदै उपाधि जितेको हो।

पोखरा रङ्गशालामा भएको फाइनल खेलमा पुलिसले गण्डकीलाई ३–१ सेटले पराजित गरेको हो।

पुलिसले पहिलो, दोस्रो र चौथो सेटमा जीत निकालेको हो। उसले पहिलो सेट २५–२३ अङ्कले तथा दोस्रो सेट २५–२१ अङ्कले जितेको हो। तेस्रो सेट गण्डकीले २५–२० अङ्कले जित्यो। चौथो सेट २५–२२ अङ्कले जित्दै पुलिस क्लबले उपाधि चुमेको हो।

उपाधिसँगै महिलातर्फ आयोजक र पुरुषतर्फ पुलिसले जनही रु पाँच लाख ८५ हजार पाँच ५५ ट्रफी र मेडल प्राप्त गरे। उपविजेता महिलातर्फ एपिएफ र पुरुषतर्फ गण्डकीले जनही रु दुई लाख ८५ हजार ५५५ पुरस्कार पाए।